**आ.व. २०८२/८३ को आमचोक गाउँ कार्यपालिकाको निर्णय पुस्तिका : वैठक मिति:- २०८३/०१/२५ : वैठक संख्या:-१५**

---

आज मिति २०८३ साल वैशाख २५ गते शुक्रवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सचिव | श्री जनक बस्नेत | |
| १९ | तथ्याङ्क अधिकृत | श्री धन कुमार राई | |
| २० | प्रशासन अधिकृत | श्री युवराज सुवेदी | |

२०८३।०१।२५
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

२०८३।०१।२५
अशोक राई
अध्यक्ष

<u>प्रस्तावहरु</u>

१. विगतका कार्यपालिकाको निर्णयहरुको समिक्षा सम्वन्धमा।
२. नागरिक उपचार कोष सहयोग अनुदान सम्वन्धमा।
३. किवी पकेट कार्यक्रमको लागि कृषि समूहहरु गठन सम्वन्धमा।
४. योजनाहरुको म्याद थप सम्वन्धमा।
५. वडा नं. १० को वडा कार्यालय भवन निर्माणको अन्तिम विल भुक्तानी सम्वन्धमा।
६. आर्थिक सहायता सम्वन्धमा।
७. क्षमाकन्या मा.वि. घेरावारा निर्माण सम्बन्धमा।

## निर्णय

### निर्णय नं.१

प्रस्ताव नं. १ माथि छलफल हुँदा यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ को प्रथम देखी चौधौं बैठक सम्म भएका सम्पूर्ण निर्णयको कार्यान्वयन सम्बन्धमा छलफल गर्दा हालसम्म भएका निर्णय अधिकांश कार्यान्वयन भएको र केही निर्णयहरु कार्यान्वयनको चरणमा रहेको पाइयो।

### निर्णय नं.२

प्रस्ताव नं.२ माथि छलफल भई आमचोक गाउँपालिकाको नागरिक उपचार कोष सञ्चालन कार्यविधी-२०७९ को दफा ९ को उपदफा (१) बमोजिम पालिकास्तरीय सिफारिस समितिद्वारा उपदफा ३ (ख) अनुसार दफा ४ वमोजिमको उपचार कोष प्राप्त गर्ने व्यक्तिलाई आवश्यक कागजात सहित सिफारिस भई आएकोले कार्यविधिको दफा ६ को उपदफा (३) बमोजिम गाउँसभाले विनियोजित नागरिक उपचार कोषवाट तपसिल बमोजिमका बिरामीहरुलाई उपचार खर्च वापत रु.१०००००/१०००००। गरि जम्मा रु.५०००००।(अक्षेरुपी सातलाख मात्र) उपलव्ध गराउने ।

<u>तपशिल</u>

| क्र.सं. | विरामीको नाम, थर | ना.प्र.नं. | ठेगाना | रोगको प्रकार | रोग निदान/उपचाररत अस्पताल |
|---|---|---|---|---|---|
| १ | विशेष श्रेष्ठ | ०९-०१-८०-०१७६२ | आमचोक-९ | क्यान्सर | भक्तपुर क्यान्सर अस्पताल |
| २ | क्षेत्र माया राई | ०९-०१-७७-०११६१ | आमचोक-३ | क्यान्सर | गण्डकी मेडिकल कलेज |
| ३ | धन बहादुर मगर | ८२४/२४३६३ | आमचोक-१० | क्यान्सर | त्रि.वि शिक्षण अस्पताल |
| ४ | सुस्मिता थापा | ३४१०२२/१९७५ | आमचोक-१० | क्यान्सर | भक्तपुर क्यान्सर अस्पताल |
| ५ | भरत विष्ट | २९१५/१७२४६ | आमचोक-४ | मुटुको सल्यक्रिया | शहिद गंगालाल हृदय केन्द्र काठमाण्डौं |

२०८३।०१।२८
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८३।१।२८
अशोक राई
अध्यक्ष

<u>निर्णय नं.३</u>

प्रस्ताव नं. ३ माथि छलफल हुँदा नवप्रवर्द्धन साझेदारी कोष अन्तर्गत सञ्चालित किवी पकेट कार्यक्रमका लागि नयाँ कृषि समूहका साथै पुराना कृषक समूहलाई समेत आवद्ध गर्ने गरी ७ दिनको सूचना प्रकाशन गर्ने साथै बजेटको परिधिमा रही किवी ग्रेडिङ मेसिन र बोटलिङ मेशिन खरिद प्रक्रिया अगाडी बढाउने ।

<u>निर्णय नं.४</u>

प्रस्ताव नं. ४ माथि छलफल हुँदा तपशिल वमोजिमको योजनाहरुको म्याद समाप्त भई उपभोक्ता समितिवाट म्याद थपको लागि प्राप्त निवेदन,सम्बन्धित वडाको सिफारिस र योजना शाखाको टिप्पणी वमोजिम २०८३ साल जेठ मसान्तसम्मका लागि म्याद थप गर्ने ।

| क्र.सं. | योजनाहरुको नाम | म्याद थप गर्नुपर्ने कारण |
|---|---|---|
| १ | वोवेक छाम्माखोला रामप्रसाद जोड्ने सडक भर्मत तथा निर्माण आमचोक-२ | लागत अनुमान अनुसार समयमा सामान नपाईएको |
| २ | पञ्चवती मा.वि.गेट तथा छेकावारा आमचोक -२ | लागत अनुमान अनुसार समयमा सामान नपाईएको |
| ३. | छयाङ खानेपानी मर्मत आमचोक-२ | लागत अनुमान अनुसार समयमा सामान नपाईएको |
| ४ | पसलभन्ज्याङ चुमाराङ एकुवा खोला सडक मर्मत तथा ढुङ्गा सोलिङ (रोजगार साझेदारी)आमचोक-३ | दक्ष मिस्त्रीको अभाव |
| ५ | चक्चकटाङ गोरेटो वाटो निर्माण आमचोक-३ | श्रमदान जुटाउन समस्या भएको |
| ६ | नामन्ता खानेपानि योजना आमचोक-४ | लागत अनुमान अनुसार समयमा सामान नपाईएको |
| ७ | राँगातुङ सडक ग्याविन वाल निर्माण-४ | दक्ष मिस्त्रीको अभाव |

<u>निर्णय नं.५</u>

प्रस्ताव नं. ५ माथि छलफल भई मिति २०८१/०३/०९ मा ठेक्का नं:ARM/NCB/WORKS/03/2080-081 "CONSTRUCTION OF WARD OFFICE BUILDING " कार्यको लागि आमचोक गाउँपालिकाको कार्यालय र भिषणहाङ्ग कन्स्ट्रक्सन प्रा.ली. टेम्केमैयुङ्ग बिच दुइ पक्षीय सम्झौता भई कार्यसम्पन्न भईसकोले निर्माण व्यवसायबाट अन्तिम रनिङ बिल भुक्तानी माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्याकंन वमोजिम तपशिल वमोजिम भुक्तानी गर्ने ।

| सम्झौता रकम रु. | यस रनिङ बिलबाट आएको रकम | मू.अ.कर | PS आईटम | जम्मा रकम (मू.अ.कर सहित) | कन्टिजेन्सी (३ %) | जम्मा खर्च रकम | धरौटी कट्टी रकम | अग्रिम आयकर | अन्य कर | भुक्तानी हुने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७३,२९,५८३।४९ (मु.अ. क सहित) | २२,१३,५६१।१० | २,८७,७६२।९४ | ४६,०००।०० | २५,४७,३२४।०४ | रु.७६,४१९।७२ | २६,२३,७४३।७६ | १,१०,६७८।०६ | ३३,२०३।४२ | ८६,३२८।८८ | २३,१७,११३।६८ |

२०८३।०१।२८

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

८३।१।२८

अशोक राई अध्यक्ष

निर्णय नं.६

प्रस्ताव नं. ६ माथि छलफल हुँदा सम्बन्धित वडाको सिफारिस तथा अस्पतालका कागजातहरुको आधारमा आधारमा तपशिल वमोजिम नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट भुक्तानी दिने ।

| क्र.सं. | नाम | वडा नं | कारण | सहायता रकम |
|---|---|---|---|---|
| १. | गणेश बहादुर राई | ३ | आगलागि भई घर र घर भित्र रहेको सम्पूर्ण सामानहरु जली नष्ट | १५००० |
| २. | धन कुमारी विश्वकर्मा | ४ | मोटरसइकलले ठक्कर दिइ मृत्यु भइ पोष्टमार्टम लगायत संकारगत कार्य गर्नका लागि खर्च | ३५००० |
| ३. | पवित्रा राई | ३ | नसा तथा कलेजो सम्बन्धि गम्भीर रोगको कारणले गर्दा गोल्डेन सिटी अस्पताल, विराटनगर, मोरङमा उपचारत रहदाकै अवस्थामा सिफारिस भई आएको र हालको निजको मृत्यु समेत भैसकेको र आर्थिक रुपले विपन्न भएको | २५००० |
| | जम्मा | | | ७५००० |

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल हुँदा यस आमचोक गाउँपालिका वडा नं. ६ स्थित क्षमाकन्या मा.वि.मा घेराबाराका लागि सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशबाट भौतिक सुविधा विस्तार कार्यक्रमबाट ६,००,०००।०० र यस आमचोक गाउँपालिकाबाट रु ४,००,०००।०० विनियोजन भएको र विद्यालय व्यवस्थापन समिति मार्फत घेराबारा निर्माण कार्य गर्न हाल विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भई नयाँ समिति समेत गठन भैनसकेको हुँदा प्राविधिक लागत अनुमान तयार गरी सार्वजनिक खरिद नियमावलीको नियम ८५ को उपनियम (१) मा भएको व्यवस्था बमोजिम विद्यालयको घेराबारा निर्माण कार्य अगाडी बढाउने।

विविध

आमचोक गाउँपालिका वडा नं. ३ स्थित गणेश बहादुर राईको घरमा आगलागीका कारण घर तथा घरमा रहेका सम्पूर्ण सामान जली नष्ट भएको हुँदा सम्बन्धित वडा कार्यालयको सिफारिस तथा प्रहरी सर्जमिन मुचुल्का संलग्न राखी पिडीत परिवारलाई राहत उपलब्ध गराउनका लागि जिल्ला विपद व्यवस्थापन समिति, भोजपुरमा कागजात संलग्न राखी पठाउने।

२०८३।०१।२५
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८३।१।२५
अशोक राई
अध्यक्ष